**Academic Voices**
**A Multidisciplinary Journal**
**Volume 4, No. 1, 2014**
**ISSN 2091-1106**

# लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्यका प्रमुख मोड र तिनका मुख्य प्रवृत्तिहरू

**इन्द्रप्रसाद भट्टराई**
**नेपाली विभाग, त्रि.वि., ठाकुर राम बहुमुखी क्याम्पस, वीरगञ्ज, नेपाल**

## सार

*नेपाली कविता साहित्यका मूर्धन्य व्यक्तित्व लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्य यात्रा 'मुनामदन' (१९९२) देखि ' नयाँ सत्यकली संवाद' (२०१५) सम्म जम्मा तेइस वर्ष लम्बिएको छ। यस अन्तर्गत उनले अत्यन्त कलात्मक खण्डकाव्यहरूको रचना गरेक छन्। उनको यस तेइस वर्षे खण्डकाव्य यात्रालाई चार चरणमा वर्गीकरण गरिएको छ। यसमा उनले आत्मवादी प्रणय-चिन्तन ,भ्रातृत्वमा आधारित मानवतावाद, देह नश्वर छ र आत्मा अमर छ भन्ने पूर्वीय वेदान्ती दर्शनका साथसाथै शक्तिसम्पन्न राणाप्रति अशक्त नेपाली जनताले देखाएको विद्रोह पनि प्रस्तुत छ। उनले ग्रीक पुराकथालाई समेत विषयवस्तु बनाएर वीरता, स्वतन्त्रता तथा क्राँन्तिको अनुभव पनि गराएका छन्। उनले खरो, ओजस्वी, मर्दाना शैलीको प्रयोग गर्नुका साथै देवकोटेली शैलीको निर्माण पनि गरेको देखिन्छ। यस लेखमा यिनै देवकोटाको खण्डकाव्ययात्राको प्रमुख मोड र तिनका उपलब्धीहरूको चर्चा गरिएको छ।*

**मुख्य शब्दहरू**
वेदान्ती दर्शन; आत्मवादी; भ्रातृत्व; अविरल प्रवाह; पुराकथा

## विषय प्रवेश

महाकवि लक्ष्मीप्रसाद देवकोटा (१९६६-२०१६) को पचास वर्षे जीवनकालमा निकै ऊहापोह निकै उकाली-ओराली आए। देवकोटाको जीवन वास्तवमा भन्ने हो भने आँधी बेहरीको कथाजस्तो थियो। जीवनमा निकै दुःख भोगेर भए पनि उनले नेपाली साहित्यको अथक सेवा गरे। पचासवर्षे जीवनकालमा उनले चालीस वर्षसम्म काव्यसाधना गरेको देखिन्छ (जोशी,२०४८)। तीमध्ये पन्ध्र वर्ष (वि.सं. १९७६-१९९०) उनले कविताको नेपथ्यसाधना गरे भने पच्चीस वर्ष (वि.स १९९१-२०१६) चाहिँ सार्वजनिक कविता साधना गरे। उनको खण्डकाव्ययात्रा कवितायात्रा (वि.सं. १९९१-२०१६) कै एक अङ्ग हो। १९९१ सालमा सार्वजनिक रूपमा आना कविताहरूको प्रकाशन गरेपछि वि.सं. १९९२ मा उनले 'मुनामदन' खण्डकाव्यमार्फत आना खण्डकाव्ययात्रा पनि थाले भने उनको त्यो खण्डकाव्ययात्रा २०१५ सालमा रचित 'नयाँ सत्यकली संवाद' खण्डकाव्यमा पुगी विश्रान्त बन्छ। उनको यस खण्डकाव्यात्मक यात्रालाई निम्नलिखित चार चरणहरूमा विभाजन गर्न सकिन्छ ,

### *प्रथम चरण (१९९२-१९९९)*

यो लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्ययात्राको पहिलो चरण हो। यस समयावधिभित्र केवल दुई खण्डकाव्यहरू प्रकाशित भएका छन् ; ती हुन्- 'मुनामदन' (१९९२) र 'राजकुमार प्रभाकर' (१९९६)। यी दुई खण्डकाव्यहरूले उनको पहिलो चरणको प्रतिनिधित्व गर्दछन्। यस पहिलो चरणमा 'मुनामदन' बाट लोकछन्दको प्रयोग तथा '

राजकुमार प्रभाकर' बाट विभिन्न वर्णमात्रिक छन्दहरूको प्रयोग गर्नुका साथै सामाजिक कथावस्तुलाई मुख्य बनाएर उनले 'मुनामदन' को रचना गरेको देखिन्छ भने दन्त्यकथा तथा तिलस्मी घट्नालाई मूल कथावस्तु बनाइ 'राजकुमार प्रभाकर' को रचना गरेको देखिन्छ (रिसाल २०३१)। यस चरणमा लक्ष्मीप्रसाद देवकोटाले लोकछन्द र वर्णमात्रिक छन्द दुवैमा सिद्धि प्राप्त गरिसकेको देखिन्छ। पाश्चात्य परम्परामा चलेको गाथाकाव्यात्मक ढाँचामा यिनको 'मुनामदन' देखिएकोले त्यसतर्फको उनको अभिरूचि पनि प्रस्टिन्छ। 'राजकुमार प्रभाकर' खण्डकाव्यमा परम्परित खण्डकाव्य ढाँचाकै राम्रो प्रयोग गरिएको छ। यस चरणका उनका खण्डकाव्यहरू सर्गबद्ध छन्। 'मुनामदन' खण्डकाव्य प्रत्यक्ष रूपले सर्गबद्ध छ भने 'राजकुमार प्रभाकर' चाहिँ छन्दका दृष्टिकोणले सर्गबद्ध रहेको देखिन्छ। यसमा छन्द प्रयोगका आधारमा सर्ग छुट्याइएको छ। यस चरणमा देवकोटाले पश्चिमी स्वच्छन्दतावादको पूर्वीकरण गरेका छन्; किनकि पश्चिममा चलेको गीति परम्परालाई उनले अङ्गालेका छन् भने अर्कोतिर आत्मवादी प्रणयचिन्तन, भ्रातृत्त्वमा आधारित मानवतावाद, देह नश्वर छ र आत्मा अमर छ भन्ने पूर्वीय वेदान्ती दर्शन तथा जन्म-मरण, कर्मवाद आदि वेदान्ती दर्शनलाई 'मुनामदन' मा र 'राजकुमार प्रभाकर' मा कवितात्मक वाणी दिएका देवकोटा त्यतिमा मात्र सीमित नरही नेपाली समाजको जातिभेद सम्बन्धी विचार प्रस्तुत गर्दै यस कृतिहरूलाई उनले देवकोटापन पनि दिएका छन्। भौतिक सुखभन्दा मानसिक आत्मिक सुख वा शान्ति नै ठूलो हुन्छ भन्ने आत्मवादी जीवन दृष्टिलाई मुनामदनले प्रस्तुत गरेको छ (शर्मा, २०५८)। उनी यसो भन्छन् :

"मानिसको आँसु मानिसले पुछ्नु सबैको धर्म हो। "(देवकोटा, १९९२)

माथिको श्लोकांशले मानवतावादी दर्शनको अभिव्यक्ति दिएको छ। उनी अर्को ठाउँमा भन्छन् :

"मलाई आज बचाइदेऊ ईश्वरले हेर्नेछ
मानिसलाई मदत गर्ने स्वर्गमा पर्नेछ। "(देवकोटा, १९९२)

मूर्ति पूजा, दान-दान्तव्य,पण्डा-पूजनजस्ता क्रियाकलापबाट स्वर्ग सुधार्न सकिन्छ भन्ने त्यो समयमा देवकोटाको माथिको श्लोककांशले स्थिर पोखरीमा ढुङ्गा हानेजस्तो भयो। वास्तविक ईश्वरको प्राप्ती मानव सेवामा छ। स्वर्ग जान मानिसको मदत गर्नुपर्छ। मानिस त्यति मात्रामा मात्र महान हुन सक्छ जति मात्रामा उसले मानिसको सेवा गरेको हुन्छ भन्ने विचार पनि यसबाट मुखरित हुन्छ। अझ जातपातको विरोधमा देवकोटा यसो भन्छन् :

"क्षेत्रीको छोरो यो पाउ छुन्छ , घीनले छुँदैन,
मानिस ठूलो दिलले हुन्छ जातले हुँदैन।"(देवकोटा, १९९२)

ब्राम्हणको हड्डीसमेत चोखो हुन्छ भने परम्परित विचार तत्कालीन समाजमा व्याप्त थियो। त्यस समयमा उनले मानिस विचार र कर्मले महान हुन्छ भन्ने सन्देश दिए। देवकोटाले 'मुनामदन' को कथावस्तु नेवारी भाषाको गीतिकाव्य 'जी वया लछि मदुनि' बाट लिइएको कुरा स्वीकार गरेका छन् (बन्धु,२०३६)। 'राजकुमार प्रभाकर' मा देवकोटाले मोजमज्जा अनि खेलवाडमा नभुली ज्ञान प्राप्त गर्नतिर लाग्नु नै मानिसको सच्चा कर्तव्य हो भन्ने कुरा देखाएका छन्। हामीलाई मोह मायाले छक्काउँछन्, हामी सांसारिक सुखसुविधामा भुल्छौँ र इन्द्रियको दास हुन्छौँ भन्ने कुरा नै 'राजकुमार प्रभाकर' को चुरो हो। 'मुनामदन' लाई देवकोटाले नेपाली पनमा पनि ढालेका छन्। 'राजकुमार प्रभाकर' मा चाहिँ ब्रम्ह नै सत्य हो भन्ने वेदान्ती सूत्रलाई अपनाइएको छ (जोशी,२०४८)। पूर्वी-पश्चिमी, नयाँ-पुराना आध्यात्मिक विचारधारामा आफ्नो कलासमेत थपेर आफ्नै देवकोटेली शैली देखाउने देवकोटाका यो चरण वास्तवमा भन्ने हो भने उत्कृष्टताको हिसाबले चरम चुम्न सफल छ।

शीर्षकका हिसाबमा देवकोटाले प्रथमचरणमै पात्रनाम प्रधानलाई महत्त्व दिएको कुरा त प्रस्ट नै छ। खण्डकाव्यात्मक मान्यताका अनुसार जीवनको एकपक्षको चर्चा गर्न दुवै खण्डकाव्य सफल छन्। अङ्गी रसको रूपमा 'मुनामदन' मा करूण र 'राजकुमार प्रभाकर' मा शान्त रसलाई प्रयोग गरिएको छ भने यी दुवैमा अङ्ग रसका रूपमा भयानक, वीर, वीभत्स, श्रृङ्गारजस्ता रसको प्रयोग पाइन्छ। समष्टिमा भन्नुपर्दा प्रथम चरणका दुई खण्डकाव्यमध्ये उत्कृष्ट चाहिँ 'मुनामदन' नै हो, किनकि यो खण्डकाव्य आख्यान, नाटक, मनोवाद कविताको समन्वीकृत खण्डकाव्य हो, त्यसैले यसमा कथा, उपन्यास, कविता,नाटक, मनोवाद पढ्दाको स्वाद एकसाथ पाउन सकिन्छ। यस खण्डकाव्यमा पुष्ट आख्यान, नाटकीय संवाद तथा कवितात्मकताको सफल प्रयोग गरिएको छ। परिष्कार र सहज सौन्दर्यसमेत यस खण्डकाव्यले वरण गरेकोले देवकोटाका सम्पूर्ण खण्डकाव्यहरूमध्येको सबैभन्दा उत्कृष्ट खण्डकाव्य पनि यही भएको छ।

उनका यस चरणका प्रमुख विशेषताहरूलाई बुँदागत रूपमा हेर्दा यस्तो देखिन्छ : सामाजिक विषयवस्तुको प्रयोग,

लोकलय तथा मात्रिक छन्दको प्रयोग, दैहिक नश्वरता तथा आत्माको अमरता सम्बन्धी वेदान्ती दर्शनको अभिव्यक्ति, पश्चिमी स्वच्छन्दतावादी धाराको पूर्वीकरण गरी देवकोटेली शैलीको प्रस्तुती।

***दोश्रो चरण (२०००-२००३) :***

यो चरण देवकोटाको खण्डकाव्ययात्राको दोस्रो चरणको रूपमा देखापर्दछ र सम्पूर्ण खण्डकाव्ययात्रामध्ये सबैभन्दा कम समयको खण्डकाव्ययात्राको रूपमा रहेको छ। यस चरणमा देवकोटाका जम्मा छ वटा खण्डकाव्यहरू प्रकाशित भएका देखिन्छन्। 'लुनी' (वि.सं.२००१) 'कुञ्जिनी' (वि.सं.२००२), 'दुष्यन्त शकुन्तला भेट' (वि.सं.२००२) 'सीताहरण' (वि.सं.२००३)'म्हेन्दु' (वि.सं.२००३)'रावण जटायु युद्ध' (वि.सं.२००३) जस्ता खण्डकाव्यहरू देवकोटाका खण्डकाव्य यात्राका दोस्रो चरणमा देखापर्ने कृतिहरू हुन्। उनको खण्डकाव्ययात्राको पहिलो चरणबाट दोस्रो चरणलाई छुट्याउने प्रमुख आधारहरूचाहिं खण्डकाव्यको सङ्ख्यात्मक प्रचुरता, स्रोतगत, विस्तार तथा परिवेशगत विविधता नै हुन्। पहिलो चरणको मुनामदन जस्तै 'कुञ्जिनी', 'म्हेन्दु' जस्ता सामाजिक कृतिको रचना गरे तर 'मुनामदन' को मुख्य परिवेश काठमाडौँ थियो भने 'कुञ्जिनी', 'म्हेन्दु' जस्ता खण्डकाव्यको रचनामा देवकोटाले काठमाडौँ उपत्यकाभन्दा बाहिरको विषयवस्तुलाई वरण गरे। यस चरणका खण्डाकाव्यहरूमा प्रयोग गरिएको विषयवस्तुको क्षेत्र निकै फराकिलो भएको छ। किनकि देवकोटाले सामाजिक विषयवस्तुभित्र मात्र सीमित नरहेर पौराणिक विषयवस्तुलाई समेत आफ्नो खण्डकाव्यको उपजीव्य बनाएका छन्। यो पौराणिक विषयवस्तु देवकोको खण्डाकाव्य यात्राको दोस्रो चरणमा देखापरेको थप आयाम हो। यस चरणमा यिनले लयगत विस्तार गरेको पनि पाइन्छ। नेपाली लोकलयको प्रयोगमा विविधता, मात्रा र अनियताक्षर मात्रा छन्दको प्रयोग पनि उनका यस चरणको लयगत उपलब्धी हो। 'कुञ्जिनी' खण्डकाव्यमा जम्मा अट्ठाइस् वटा लोकलयको प्रयोग गरेर देवकोटाले लोकलयप्रतिको सम्मोहन प्रकट गरेका छन्। अर्कोतिर यस चरणमा उनले सर्गसहित तथा सर्गरहित खण्डकाव्यको रचना पनि गरेका छन्। रसभावको दृष्टिले वैविध्य यस चरणको अर्को उपलब्धी हो। यति भए पनि करूण रस नै यस चरणमा परिपाकमा पुगेको छ।यस चरणदेखि महाकवि देवकोटाले व्यङ्ग्य बाण र रमरम विद्रोह पनि देखाउन थालेको पाइन्छ। 'रावण जटायु युद्ध' मा प्रशस्त व्यङ्ग्य रहेको छ। शक्तिसम्पन्न राणाप्रति अशक्त नेपाली जनताले देखाएको विद्रोहको रूपमा पनि यसलाई लिन सकिन्छ भने 'सीताहरण' खण्डकाव्यले पनि तत्कालीन राणाहरूको दुराचारप्रति सङ्केत गरेको प्रतीत हुन्छ। त्यसैले स्वच्छन्दतावादी भावधाराभित्र नैतिक तथा

क्रान्तिकारी भावधारा मिसाउनु उनको यस चरणमा देखापरेको अर्को विशेषता हो। यस चरणमा देखापरेको उनको अर्को विशेषता आशु लेखन हो। यस चरणको महाकाव्य 'सुलोचना' मा देखापरेको आशुलेखन को प्रभाव खण्डकाव्यमा पनि परेको देखिन्छ। 'कुञ्जिनी' जस्तो खण्डकाव्य एकरातमा लेखेर सिध्याउनु चानचुने कुरा थिएन। आशु लेखनका विविध कारणहरू हुन सक्छन् : ती मध्ये निकै कविताको साधना गरिसकेको हुनाले र लेखनकै पेशा हुनाले पनि उनमा आशुलेखन देखापरेको हो। 'कुञ्जिनी'मा हाम्रा समाजमा प्राय लाहुर गएर नफर्कने नेपाली युवकको कथा छ र कथालाई सामान्य नेपाली धरातलमा नै उभ्याइएको छ। तर सरल नेपाली जीवनको चित्रण र व्याख्या भने सर्वत्र सरल छैन। गोरे र कुञ्जिनीका कतिपय उद्‌गारहरूसमेत निकै भावपूर्ण र कतैकतै क्लिष्ट पनि छन्। यसमा 'मुनामदन' मा झैँ अविरल प्रवाह छैन र लयहरूको विविधता यसमा भए पनि ती विभिन्न लयमा यहाँ परिष्कार पनि पाइरहेका छैनन् (बन्धु,२०३६)। यसरी सङ्घर्षरहित घटना, भाषामा, क्लिष्टता , लयमा अपर्याप्त परिष्कार, भावहरूलाई चरित्रबाट भन्दा लेखक बाट नै व्यक्त गरिएकाले पनि 'कुञ्जिनी'ले माथिल्लो स्तर प्राप्त गर्न नसकेको हो तर प्रकाशन क्रमले होइन , गुण र प्रभावका दृष्टिले पनि अहिलेसम्म देखिएका देवकोटाका खण्डकाव्यहरूमा यो दोस्रो कृति हो र उनको खण्डकाव्य यात्राको दोस्रो चरणको सबैभन्दा उत्कृष्ट कृति हो। प्रथम चरणमा रहेको संयमताको बाँध उनमा यस चरणमा आएर टुट्छ र उनको लेखन कलामा प्रशस्त आतुरता देखिन्छ। उनको यस चरणका प्रमुख विशेषताहरूलाई बुँदागत रूपमा हेर्दा यस्तो देखिन्छ :विषयवस्तुको विविधता, सर्गसहित तथा सर्गरहित खण्डकाव्यको रचना, सामाजिक तथा पौराणिक खण्डकाव्यको रचना, शीर्षक चयनमा पात्रनाम प्रधानताका साथसाथै घट्ना वस्तुको पनि प्रमुखता, विभिन्न लोकछन्द तथा मात्रिक छन्दको प्रयोग, व्यङ्ग्य तथा क्रान्तिकारी भावको अप्रत्यक्ष व्यञ्जना, आशु लेखन, परिष्कारको कमी।

***तेस्रो चरण (२००४-२००९):***

महाकवि लक्ष्मीप्रसाद देवकोटाका वनारस प्रवासकालका खण्डकाव्यहरूलाई उनको खण्डकाव्ययात्राको तेस्रो

चरणमा राख्न सकिन्छ। 'बसन्ती' एक र दुई, 'मायाविनी सर्सी', 'नवरस', 'सृजनामाता', 'आनन्द शतक', 'मैना', ' वैराग्य लहरी', 'झञ्झावर्णन', 'नेपाली मेघदुत', 'कटक' जस्ता दशवटा खण्डकाव्यहरूको रचना उनले वनारस प्रवासकालमा लेखेका थिए। समयको हिसाबले पाँचवर्ष लामो देखिएको यस चरणमा देवकोटाले खण्डकाव्यको ओइरो लगाएका छन्। वनारस प्रावासकालमा रचिएका यी खण्डकाव्यहरू उनको खण्डकाव्य यात्रा अन्तर्गत पर्ने तेस्रो चरणका महत्वपूर्ण उपलब्धीहरू हुन्। वनारस प्रवासका चरणमा रचिनु, रचनागत प्रचुरता हुनु तथा विभिन्न खण्डकाव्य ढाँचाको प्रयोग हुनु जस्ता अभिलक्षण देखिनाले यो तेस्रो चरण अलग्गिएको छ। महाकवि देवकोटाको दोस्रो चरणसम्म आख्यानसहित खण्डकाव्यको रचना मात्र भएको देखिन्छ भने यस चरणमा उनले आख्यानरहित खण्डकाव्यको रचना पनि गरेका छन्। 'नवरस' जस्तो कोषकाव्यको रचना 'नेपाली मेघदूत' जस्तो दूतकाव्यको रचना, 'आनन्द शतक', जस्तो सतक काव्यको रचना, तथा 'वैराग्य लहरी' जस्तो लहरी काव्यको रचनाले देवकोटाको खण्डकाव्यात्मक यात्राको तेस्रो चरण निकै सम्पन्न भएको देखिन्छ। नेपाली इतिहासको घट्नालाई पनि आफ्नो खण्डकाव्यको विषयवस्तु बनाउन उनी चुकेका छैनन् : दृष्टान्तका रूपमा 'कटक' खण्डकाव्यलाई उभ्याउन सकिन्छ (जोशी,२०४८)। पूर्वीय साहित्य शास्त्रलाई आधार बनाएर रचना गरिएको 'नवरस' खण्डकाव्य उनको अर्को उपलब्धी हो। यस चरणमा उनले विषयको विविधता देखाउँदै पाश्चात्य ग्रीकको पुराकथालाई पनि विषयवस्तुका रूपमा लिएका छन् : जसको उदाहरण ' मायाविनी सर्सी' र 'सृजामाता' हुन्।

प्रभावका दृष्टिले उनले दूतकाव्यको प्रभाव कालीदासको मेघदूतबाट, शतककाव्यको प्रभाव फारसी कवि उमरखैयामको 'रूवाइयात' बाट तथा हिन्दी कवि हरिवंशराय बच्चनको 'मधुशाला' बाट प्रभाव एकातिरबाट लिएको देखिन्छ भने अर्कोतिर प्रकृतिलाई मुख्य विषयवस्तु बनाएर पनि 'झञ्झावर्णन' जस्तो खण्डकाव्यको रचना गर्न उनी चुकेका छैनन्। छन्दका हिसाबले सबैभन्दा पहिलो गद्य खण्डकाव्यका रचनाकार देवकोटा हुन् र यसको प्रयोग यिनले यसै चरणमा गरेका छन् त्यसको दृष्टान्त 'मायाविनी सर्सी' हो (सुवेदी,२०३८)। तन्त्रमन्त्रको प्रयोग गर्न पनि उनी यस चरणमा सफल छन्। यस चरणका खण्डकाव्यमा वीरता, स्वतन्त्रता, क्रान्तिकारी भावधारा, विद्रोहभावजस्ता भावको अभिव्यक्ति उनले गरेको देखिन्छ। यस चरणभन्दा पहिला उनका खण्डकाव्यमा सुकोमल, सुललित, पोथी शैलीको प्रयोग पाइन्छ भने यस चरणमा देवकोटाले खरो, ओजस्वी, मर्दाना शैलीको प्रयोग गरेका छन्। यस चरणका चर्चित खण्डकाव्यहरू 'मायाविनी सर्सी' 'झञ्झावर्णन' 'सृजामाता' आदि हुन्। 'मायाविनी सर्सी' देवकोटाका श्रेष्ठतम कृतिहरूमध्ये एक हो। यसमा देवकोटाले ग्रिसेली पुराकथालाई विषयवस्तु बनाए। मानवताभित्रकै मानवता, पशुताकै द्वन्द्वलाई देखाउनका लागि पनि यो कथानक साह्रै उपयुक्त छ।यस, प्रकारको कथानक निम्ति छन्द र लयमा लेखिएको कुनै कृतिभन्दा प्रवाहपूर्ण गद्य कविताको कृति उपयुक्त हुने देखिन्छ। किनभने विजययात्राका सङ्घर्ष र उत्थान-पतन, अनियमितततालाई यसप्रकारको शैलीमा आवश्यक सङ्क्षिप्तता र विस्तारका साथ देखाउन सकिन्छ। यसरी यसमा विषयवस्तु र शैलीमा समन्वय स्थापित गरिएको छ र यो खण्डकाव्य देवकोटाको महत्तम आदर्शलाई देखाउन सक्षम छ (बन्धु,२०३६)। देवकोटाको खण्डकाव्य यात्राको तेस्रो चरणमा पर्ने यो खण्डकाव्य यस चरणको सबैभन्दा उपलब्धीमूलक कृति सावित भएको छ। देवकोटाको यस चरणका खण्डकाव्यात्मक प्रवृत्तिहरूलाई बुँदागत रूपमा यसरी राख्न सकिन्छ : रचनागत प्रचुरता, विषयगत विविधता, पूर्वीय फारसी तथा हिन्दीका कविहरूको पनि प्रभाव, कोशकाव्यको पनि रचना, खरो ओजस्वी मर्दाना भाषाशैलीको पनि प्रयोग, मुक्त छन्दमा पनि खण्डकाव्यको रचना, आख्यानरहित खण्डकाव्यको पनि रचना, वीरता स्वतन्त्रता कान्तिकारी तथा विद्रोहभावधाराको सशक्त अभिव्यक्ति।

### *चौथो चरण (२०१०-१०१५) :*

महाकवि लक्ष्मीप्रसाद देवकोटाको यो चरण 'मुनामदन' को परिष्कारको दृष्टिकोणले महत्त्वपूर्ण मानिन्छ। यस चरणमा उनले कुनै नयाँ कृतिको रचना नगरेर प्रतिकृति लेखन र परिष्कार मात्र गरेका छन्। परिष्कृत 'मुनामदन' र 'नयाँ सत्यकली संवाद' नै उनको यस चरणका उपलब्धी हुन्। उनको 'नयाँ सत्यकली संवाद' पूर्ववर्ती कवि लेखनाथको 'सत्यकली संवाद' को प्रतिकृति हो। लेखनाथको विचारभन्दा विपरित विचार 'नयाँ सत्यकली संवाद' मा देखिन्छ। सत्ययुगभन्दा कलियुग नै राम्रो भन्ने धारणा यसमा प्रकट भएको छ। पुराना युगका असुन्दर कुराहरूलाई पन्छाउने दर्शन यसमा पाइन्छ। उनले कवितात्मक परिष्कार गर्न चाहने इच्छाको उपलब्धी उनको २०१५ सालको परिवर्तित 'मुनामदन' हो। यस चरणमा देवकोटा पुनः पहिलो चरणसँग नजिकिएको प्रतीत हुन्छ। उनको चौथो चरणको महत्त्वपूर्ण

उपलब्धी भनेको परिष्कारको चेतना नै हो। यस चरणका महत्त्वपूर्ण प्रवृतिलाई बुँदागत रूपमा यसरी राख्न सकिन्छ : परिष्कार, प्रतिकृति लेखन

## निष्कर्ष

यसरी महाकवि लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्ययात्रा कवितायात्रासँग नै नजिकिन्छ र कवितात्मक केही प्रवृत्तिहरू उनको खण्डकाव्यात्मक प्रवृत्तिहरूसँग पनि मिल्छ। समग्र रूपमा भन्नुपर्दा देवकोटाको खण्डकाव्ययात्राको पहिलो चरणसँग कुनै अन्य चरण अतुलनीय छ। त्यसको कारण 'मुनामदन' मा प्रयोग भएको आख्यान र कवित्वको सन्तुलन नै हो। साथै उनको पहिलो चरणमा देखापरेको लोकप्रियतासँग अन्य चरणहरू भिड्न सकेनन्। त्यसैले पहिलो चरण सफलताको हिसाबले सर्वोत्कृष्ट रहेको छ भने अन्य तीन चरण पनि उत्कृष्ट नै रहेका छन्।

## सन्दर्भग्रन्थ सूची


जोशी, कुमारबहादुर (२०४८), *'देवकोटाको प्रमुख कविताकृतिको कालक्रमिक विवेचना',* ललितपुर, साझा प्रकाशन।

देवकोटा, लक्ष्मीप्रसाद (१९९२), *'मुनामदन',* ललितपुर, साझा प्रकाशन।

बन्धु, चूडामणि (२०३६) 'देवकोटा', ललितपुर, साझा प्रकाशन।

रिसाल, राममणि (२०३१), 'नेपाली काव्य र कवि', ललितपुर, साझा प्रकाशन।

शर्मा, विश्वम्वरकुमार (२०५८) 'सृजन अनुशीलन' वीरगञ्ज, रेखा प्रकाशन।

सुवेदी, अभि (२०३८) 'सिर्जना र मूल्याङ्कन' ललितपुर , साझा प्रकाशन।